तमसोमा ज्योतिर्गमय ! विद्ययाऽमृतमश्नुते ॥

Email: narodaya@gmail.com
Contact: 9846574810

# श्री नरोदय माध्यमिक विद्यालय
# SHREE NARODAYA SECONDARY SCHOOL

गल्याङ्ग न.पा.-६, पिंडीखोला, स्याङ्जा, नेपाल
Galyang Municipality-6, Pindikhola, Syanja, Nepal
स्थापित: २०१८ (Estd. 1961)

प.सं.(Ref.No.) ०८३/०८४ मिति: २०८३/०५/१७
च.नं.(Disp.No.) ०९ Date

**विषय /Subject:-** शिक्षक सरुवा सम्बन्धमा।

श्री सम्बन्धित सबै,

प्रस्तुत विषयमा यस विद्यालयमा माध्यमिक तह तृतीय श्रेणीको अंग्रेजी विषय शिक्षक दरबन्दी रिक्त रहेको हुँदा शिक्षा युवा तथा खेलकुद शाखा गल्याङ नगरपालिकाको मिति २०८३/०५/१६ प.स. ०८३/०८४ च.न. २५० को अनुमति पत्र अनुसार शिक्षा नियमावली, २०५९ (दसौं संशोधन २०८३) को सरुवासम्बन्धी व्यवस्थाबमोजिम उक्त दरबन्दी शिक्षक सरुवामार्फत् पूर्ति गर्नुपर्ने भएकाले माध्यमिक तह, तृतीय श्रेणी अंग्रेजी विषयको स्थायी दरबन्दीमा कार्यरत तथा सरुवाका लागि योग्य इच्छुक स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८३/०५/३१ सम्म) कार्यालय समयभित्र विद्यालयमा वा विद्यालयको इमेल ठेगाना narodaya@gmail.com मा सरुवा सहमतिका लागि दरखास्त आह्वान गरिएको छ।

पेश गर्नुपर्ने कागजातहरु

- सरुवाका लागि निवेदन।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
- आफ्नो सेवा अवधि खुल्ने कागजात।
- स्थायी/अस्थायी नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि।
- शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि।
- हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात।
- असाधारण तथा बेतलबी बिदा लिए/ नलिएको सम्बन्धित कागजात।
- विद्यालयको सहमति पत्र।
- सम्बन्धित स्थानीय तहको सहमति पत्र।
- फरक जिल्लामा कार्यरत शिक्षकका लागि सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सहमति पत्र।
- शिक्षा नियमावली (दसौं संशोधन, २०८३) बमोजिम प्राथमिकतामा दावी गर्ने प्रमाण कागजात (आवश्यक भएमा)।
- आवश्यक परेमा शिक्षा नियमावली (दसौं संशोधन २०८३) बमोजिम सरुवा सम्बन्धी अन्य कागजातहरु।
- शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको फाराम।

उक्त अवधिभित्र प्राप्त निवेदनहरु शिक्षा नियमावली २०५९ को (दसौं संशोधन, २०८३) तथा प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

- म्याद नाघी आएका वा रीत नपुगेका निवेदनमाथि कुनै कारवाही गरिनेछैन।
- प्राथमिकता क्रम निर्धारण शिक्षा नियमावली तथा सरुवासम्बन्धी प्रचलित निर्देशिकाको मापदण्ड अनुसार गरिने छ।

बोधार्थ: १) श्री शिक्षा विकास तथा समन्वय इकाइ, स्याङ्जा, जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि।
२) श्री गल्याङ नगरपालिकाको कार्यालय गल्याङ, स्याङ्जा, जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि।

(रामचन्द्र पौडेल)
प्रधानाध्यापक
प्रधानाध्यापक